# वेलका नगरपालिकाको चौथो नगरसभा समक्ष नगर प्रमुख श्री दुर्गा कुमार थापाज्यूबाट प्रस्तुत आगामी आ.व.२०७६/०७७ को नीति तथा कार्यक्रमको सारांश

वेलका नगरपालिकाका नगर उप-प्रमुख ज्यू,
चौथो नगरसभा सम्मेलनका सबै सदस्यज्यूहरु,

माननीय नगरसभा सदस्यज्यूहरु, नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापित गराउने सन्दर्भमा समय-समयमा भएका राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका निम्ती आन्दोलनका क्रममा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

स्थानीय तहको निर्वाचन पश्चात तल्लो तह सम्म संघीयता संस्थागत गर्ने क्रममा हामी अगाडी बढिरहेका छौं। नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार बेलका नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न गईरहेको छु।

यस नगरपालिकाले ५ वर्षे आवधिक योजना निर्माणको अन्तिम चरणमा पुगेका छौं। उक्त योजनाको सार्वजनिकीकरण १४ असार २०७६ मा हुने ब्यहोरा यस गरिमामय नगरसभा समक्ष निवेदन गर्दछु। आगामी आ.व.२०७६/०७७ को वार्षिक बजेट, नीति तथा कार्यक्रम उक्त आवधिक योजनामा रहेका प्राथमिकता, नीति तथा कार्यक्रममा आधारित भएर तयार गरिएको छ।

बेलका नगरपालिकाको यस गरिमामय चौथो नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रममा उपस्थित महानुभावहरुलाई बेलका नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत र अभिवादन गर्दै आजको यस कार्यक्रम मार्फत नगर क्षेत्र भित्रका जनताहरुलाई विकास र योजना प्रक्रियामा सवैको सहभागिता सुनिश्चित गर्न सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरु अवलम्वन गर्दै राष्ट्रिय प्राथमिकता र स्थानीय आवश्यकतालाई पुरा गर्न प्रत्यक्ष सहयोग पुग्ने गरी क्षेत्रगत रुपमा बजेट विनियोजन गर्दै सफल कार्यान्वयनको लागि मौजुदा ऐन, नियम र कार्यविधी तथा वेलका नगरपालिकाले तयार गरेको ऐन, नियम, आवधिक योजना तथा कार्यविधीहरुका आधारमा एकीकृत वार्षिक विकास नीति, योजना तथा कार्यक्रमको तर्जुमा गर्दै आगामी आ.व.२०७६/०७७ मा यसको सफल कार्यान्वयन गर्ने/गराउने प्रतिवद्धता ब्यक्त गर्दछु।

माननीय नगरसभा सदस्यज्यूहरु आगामी आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेटको तर्जुमा र प्राथमिकता निर्धारण गर्दा नेपालको संविधान, संयुक्त राष्ट्रसंघद्वारा जारी दीगो विकासका लक्षहरु (SDGs) को अवधारणा, स्थानीय स्तरमा उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग गर्दै नागरिकलाई प्रत्यक्ष फाईदा पुग्ने तथा बेलका नगरपालिकाले लिएको *"कृषि र पशुमा लगानी ल्याउँछ सुनौलो विहानी"* भन्ने मूल नारा सहित चालु आ.व.लाई उत्पादनको आधार वर्षको रुपमा लिई सोही अनुरुप उत्पादन तर्फ उन्मुख हुने खालका गतिविधीहरु सञ्चालन गर्दै आएकोमा आगामी आ.व.लाई उत्पादनको पहिलो वर्षको रुपमा लिई हरेक बेलका बासीहरुको तन, मन र भावनाबाट *"उत्पादनमा हाम्रो साथ बस्दिन म खाली हात"* भन्ने नारालाई संस्थागत गरी उत्पादन वृद्धि हुने खालका कार्यक्रमहरु समावेश गरी प्रस्तुत गरेको छु। चालु आ.व.मा नगरपालिका मार्फत सञ्चालन भएका गतिविधीहरु मध्ये केहि महत्वपूर्ण गतिविधीहरुको बारेमा समिक्षात्मक जानकारी यसप्रकार राख्ने जमर्को गरेको छु।

- कोशीटप्पुमा १०० हेक्टर जमिनमा घेराबेरा गरी चक्लाबन्दी खेती शुरुवात गरिएको।
- नगरपालिकाको विशेष पहलमा कृषि क्षेत्रमा संघीय सरकारबाट रु.९ करोड अनुदान प्राप्त हुने एक्किन भएको।
- २ वर्षमा ८० वटा ब्यवशायिक फर्महरु दर्ता गरी सफल ब्यशायीहरुलाई अनुदान उपलब्ध गराइएको
- अब्यवस्थित बसोबासलाई ब्यवस्थित गर्ने र अनौपचारिक भू-स्वामित्वलाई औपचारिक बनाउनको लागि १ वटा वडाबाट तथ्याङ्क संकलन विश्लेषण कार्य प्रारम्भ भई थप ५ वटा वडाहरुमा उक्त कार्यक्रम विस्तार गर्ने निर्णय गरिएको।

- कृषि क्षेत्रको आधुनिकीकरण गर्नको लागि आवश्यक कृषि यन्त्रहरुको व्यवस्थापन गरिएको ।
- सुरक्षित मातृत्व एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याईएको ।
- हेभी इक्यूपमेन्ट खरिद गरी सडक सुधार तथा विपद् व्यवस्थापन क्षेत्रमा उपयोग गरिएको ।
- ११२ जना शर्पको टोकाईबाट भएको विरामीहरुको सफल उपचार गरी प्राथमिक सर्पदंश उपचार केन्द्रलाई अझ ब्यबस्थित बनाउँदै लगिएको । र बे.न.पा. २ तपेश्वरीमा थप १ प्राथमिक शर्पदंश उपचार केन्द्र सञ्चालनको लागि पूर्वाधार तयार गरिएको ।
- आँखा उपचार केन्द्रको स्थापना र सञ्चालन गरिएको ।
- वडा कार्यालय, प्रहरी चौकी तथा स्वास्थ्य संस्था भवन स्थापनाका लागि वडा नं. ८, ४ र २ का स्थानीयहरुबाट मुल्यवान जग्गा निशुल्क प्राप्त गरी भवन निर्माण प्रक्रिया सञ्चालनमा रहेको ।
- यस न.पा.को सबै वडाहरुमा विद्युत विस्तार गर्नको लागि १४ करोड ५० लाखको विद्युत विस्तार योजना स्वीकृत भई ठेक्का प्रक्रियामा रहेको ।
- सबै वडाहरुमा यातायात सञ्जाल विस्तार भएको ।
- आगामी वर्षबाट सबै वडा कार्यालयहरु आफ्नै भवनबाट सेवा प्रवाह हुने गरी भवन निर्माणको प्रक्रिया प्रारम्भ गरिएको ।
- वे.न.पा.को पहलमा प्रदेश सरकारबाट कोठुफेरी-बाग्दखा-मैनामैनी-चुहार भोजपुर हुँदै किमाथांका जोड्ने सडक प्रदेश सरकारको मुख्य प्राथमिकतामा परी भोजपुरको चुहार सम्मको ठेक्का प्रक्रिया अगाडी बढेको ।
- बेलका न.पा. मार्फत गौरबको आयोजनाको रुपमा रहेको रामपुर-भागलपुर-तपेश्वरी-आम्बासी सडक कालोपत्रे गर्ने प्रक्रिया प्रारम्भ भएको ।
- बे.न.पा. १ आम्बासीमा चिस्यान केन्द्र (Cold Store) निर्माणको लागि प्रदेश सरकारसँग सम्झौता हुने क्रममा रहेको ।
- बेलका नगरपालिकालाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत Multi Super Zone घोषणा गरी कृषि क्षेत्रको विकासको लागि कार्यक्रमहरु सञ्चालन हुने सुनिश्चित भएको ।
- मानसिक स्वास्थ्य उपचार तथा परामर्श कार्यक्रमलाई ९ वटै वडामा सञ्चालन गरिएको ।
- नगरपालिका परिसरमा व्यवशायीक सटर भवन निर्माण, सभाहल, सुरक्षा बास निर्माण सम्पन्न भएको ।
- बे.न.पा.को लगानीमा इलाका प्रहरी कार्यालय घेराबेरा सम्पन्न गरिएको ।
- शिखरमाडी खानेपानी योजना र रामपुर बजार साईट ड्रेन निर्माण कार्यक्रम ६०/४० को लगानी भएको कार्यक्रमहरु मध्ये निकै सफल कार्यक्रम रहेको ।
- हरियाली गोल्डकप, मेयर, उपमेयर र वडा अध्यक्ष कप, अन्तरपालिका स्तरीय भलिवल आदि खेलहरु सफलतापूर्वक सञ्चालन भएको ।
- यूवा स्वंसेवक समूह गठन गरी सरसफाई, विपन्नलाई सहयोग, विपद्मा परेकालाई राहत वितरण, सुरक्षा व्यवस्था सहयोग जस्ता कार्यक्रमहरु सफल रुपमा सञ्चालन भएको ।

कृषिको आधुनिकरण तथा व्यवसायिकरण, गुणस्तरीय तथा प्राविधीक शिक्षा, स्वास्थ्य, सरसफाई, पोषण तथा खाद्य सुरक्षा, भु उपयोग तथा भुमि व्यवस्थापन, जलश्रोत तथा उर्जा विकास, सूचना, प्रविधी तथा सञ्चार, कला, साहित्य, सँस्कृति, पर्यटन प्रवर्धन तथा उद्यम विकास, जलवायु परिवर्तन, वातावरणीय सन्तुलन तथा जल उत्पन्न प्रकोप नियन्त्रण, आन्तरीक राजश्व वृद्धि, पूँजी निर्माण तथा वित्तिय सुशासन, भौतिक पूर्वाधार, यातायात व्यवस्थपनमा सहयोग पुग्ने र कम लागत र छोटो समयमा सम्पन्न भई बढी प्रतिफल प्राप्त हुने, अधिकतम जनसहभागीता जुट्ने योजना र कार्यक्रमलाई विशेष प्राथमिकता दिएकोछु । नगर क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा

अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरु, दातृ निकायहरुबाट लगानी हुने साधन र श्रोतको सूनिश्चितता सहितको नीति तथा कार्यक्रम तयार गरी सरोकारवाला सबैको समन्वय र सहकार्यमा वार्षिक नगर विकास योजना तर्जुमा गरिएको छ ।

**माननीय नगरसभा सदस्यज्यूहरु**

बेलका नगरपालिकाको प्रथम पञ्चवर्षीय आवधिक नगर विकास योजनाको दुरदृष्टिको रुपमा रहेको **"सन्तुलित विकास, सम्मानित जिवन, समावेशी पूर्वाधार प्रविधि तथा वातावरणीय सन्तुलन सहित समाजवाद उन्मुख बेलका नगर"** भन्ने दुरदृष्टिलाई मार्गदर्शनको रुपमा लिई आगामी आ.व.को नीति, कार्यक्रम तथा बजेट निर्माणको लागि देहाय बमोजिमका प्रथमिकता तथा क्षेत्रगत कार्यनीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

**प्राथमिकता:**

१. कृषिको आधुनिकरण तथा व्यवसायिकरण
२. गुणस्तरीय तथा प्राविधीक शिक्षा
३. स्वास्थ्य, सरसफाई, पोषण तथा खाद्य सुरक्षा
४. भु उपयोग तथा भुमि व्यवस्थापन
५. जलश्रोत तथा उर्जा विकास
६. सूचना, प्रविधी तथा सञ्चार
७. खेलकूद, कला, साहित्य, सँस्कृति, पर्यटन प्रवर्धन तथा उद्यम विकास
८. जलवायु परिवर्तन, वातावरणीय सन्तुलन तथा जल उत्पन्न प्रकोप नियन्त्रण
९. आन्तरीक राजश्व वृद्धि, पूँजी निर्माण तथा वित्तिय सुशासन
१०. भौतिक पूर्वाधार, यातायात व्यवस्थपन

## क्षेत्रगत कार्यनीतिहरुः

### कृषिको आधुनिकरण तथा व्यवसायिकरण

- आगामी आ.व.लाई वेलका नगरपालिकाले समृद्धिको लागी उत्पादनको प्रथम वर्षको रुपमा लिई भएकाले कृषि क्षेत्रमा ठोस लगानी गरी आर्थिक समृद्धि हाँसिलको लागी गरिएको प्रयासलाई निरन्तरता दिइने ।
- नमूना कृषि फर्म सञ्चालन गरी चक्लाबन्दी खेतिको माध्यमबाट कृषिलाई आधूनिकीरण र व्यवशायिकीकरण गरिने
- कृषि यन्त्रहरुको अधिकतम उपयोग गर्दै कृषिलाई यान्त्रिकीकरण गरिने ।
- खाली पर्ति जग्गाहरुमा जग्गाधनीलाई केहि शुल्क दिएर जग्गा विहीनहरुका लागी एकीकृत खेती प्रणाली सञ्चालन गराईनेछ । साथै खेती नगरी जग्गा बाँझो राख्नेलाई क्षतिपूर्ति गराई जोतकोर गर्न लगाईने ।
- खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा पुर्‍याउन अभियानकै रुपमा डिप वोरिङ, सोलार पम्प, कुलो मर्मत, तथा निर्माण, वाटर लिफ्टिङ्ग, स्प्रिङ्कल सिंचांई योजना र प्लाष्टिक पोखरी आदिको माध्यमबाट सिंचाई सुविधाको व्यवस्थापन गरिने ।
- खेतीयोग्य जमिनमा मल विउको अभाव हुन नदिने, जसको लागी रसायनिक मल तथा विषादिको प्रयोगले मानव स्वास्थ्य लगायत वातावरणलाइ समेत असर पुग्ने भएकोले त्यसको सट्टामा प्राङगरिक मल बिषादिको प्रयोग गर्न प्रोत्साहित गर्ने नीति अबलम्बन गरिने ।
- कृषि प्रणालीमा हुनसक्ने जोखिमलाई बहन गर्न कृषि बीमा कार्यक्रमहरुलाई सघन बनाईने ।
- सम्भाव्य कृषि क्षेत्रहरुको अध्ययन गरी १ वडा १ उत्पादनको माध्यमबाट चक्लाबन्दी खेतिलाई प्रबर्द्धन गरिने ।
- कृषकहरुको पहिचानका लागि मापदण्ड बनाई कृषक परिचय-पत्र वितरण गरिनेछ । बर्गिकृत परिचय-पत्रका आधारमा सेवा सुविधाको व्यवस्थापन गरिने ।
- नगरपालिका वासीहरुको सिप र दक्षता अभिवृद्धि गरी कृषि तथा पशुपालन क्षेत्रको आमुल रुपान्तरण गर्न कृषिको व्यसायीकरण, यान्त्रीकरण, सूचना तथा प्रविधीको उपयोग गरेर उद्योगधन्दा विकास तथा बजारीकरण गर्ने ।
- प्रत्येक किसानलाई व्यवसायिक योजना, वाली उत्पादन पात्रो तयार गराएर योजनावद्ध रुपमा उत्पादन गर्न लगाउने ।

- सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहीत गर्ने ।
- कृषि सूचना प्रणालीको विकास गर्ने ।
- व्यवसायिक पशु पालन तथा खेती प्रणालीको विकास गर्ने ।
- कृषि पर्यटन प्रवर्धन गर्ने ।
- यस नगरपालिकालाई बाख्राको श्रोतकेन्द्रको रुपमा स्थापना गरिने ।
- खसीबोका संकलन केन्द्र सञ्चालन गरी प्रभावकारी बजारीकरण गरिने ।
- नयाँ प्रजाती र उन्नत नश्लका पशुपन्छीहरुको उत्पादन र व्यवस्थापनमा जोड दिईने ।
- कृषि तथा पशु उद्यमीहरुलाई उद्यमको आधारमा ऋण प्रदान गरी व्यवशायलाई प्रबर्द्धन गरिने ।

## गुणस्तरीय तथा प्राविधीक शिक्षा

- बे.न.पा.भित्रका विद्यालयहरु, थप प्रविधी मैत्रि बनाउँदै लगिनेछ ।
- विद्यालय उमेरका सबै वालवालिकाहरुको लागि सहज गुणस्तरीय शिक्षा एवं इच्छुक विद्यार्थीहरुको लागि प्राविधीक शिक्षाको उपलब्धता गराइने ।
- प्रत्येक विद्यार्थीले वर्षमा एकपटक अनिवार्य रुपमा नजिकमा रहेको स्वास्थ्य स्वास्थ्यमा जाँच गराउने कुरालाई सुनिश्चित गरिनेछ ।
- स्थानीय बस्तुस्थिति अनुसारको पाठ्यक्रम तयार गरी कार्यान्वयनमा लगिनेछ ।
- सम्पन्नता स्तरीकरण (आर्थिक, सामाजिक, भौतिक, वातावरणीय, सामाजिक आदी सूचकहरु) गरेर सम्पन्नताको आधारमा विपन्न, दलित परिवारका सदस्यहरुलाई प्राविधीक शिक्षामा विशेष सहुलीयत दिइनेछ ।
- सामुदायिक विद्यालयहरुमा अंग्रेजी भाषाको माध्यमबाट कक्षा सञ्चालन गर्ने नीति लिईनेछ ।
- Talking Teacher लाई अझ परिष्कृत गर्नका लागि सामुदायिक विद्यालयमा SMART Teaching लागू गरी विद्यालयहरुको गुणस्तर वृद्धि गरिनेछ ।
- अति विपन्न डुम मुसहर लगायतका दलितहरुलाई विशेष छात्रवृति उपलब्ध गराई अन्य विपन्न तथा लक्षितहरुलाई प्रदान गरिएको छात्रवृतिलाई निरन्तरता दिईनेछ ।
- नयाँ प्रविधिमा आधारित इ-हाजिरी र सिसि क्यामेराहरु क्रमश सबै विद्यालयहरुमा जडान गर्दै लगिनेछ ।
- सामुदायिक विद्यालयका छात्राहरुलाई नि-शुल्क सेनेटरी प्याड वितरण गरिनेछ ।
- म अगाडी बढ्छु भन्ने प्रदेश सरकारको कार्यक्रमलाई यस नपामा प्रभावकारी रुपमा लागू गरिनेछ ।
- शिक्षण सिकाई कार्यलाई प्रभावकारी बनाउन शिक्षण पेशामा आवद्ध कर्मचारी तथा शिक्षक शिक्षिकाहरुलाई प्रोत्साहन गर्दै लगिनेछ ।
- शैक्षिक संस्थको व्यवस्थापनमा सुधार गर्न भौतिक पुर्वाधारको विकास गर्दै लगिनेछ ।

## स्वास्थ्य, सरसफाई, पोषण तथा खाद्य सुरक्षा

- समृद्ध वेलकाको आधार स्वास्थ्य सेवामा पँहुच सबैको अधिकार भन्ने नारा सहित सबै वडाहरुमा स्वास्थ्य संस्थाको स्थापना, विकास र विस्तार गरिनेछ ।
- स्वास्थ्य चौकीमा प्रयोगशाला प्रबर्द्धन गरी रोग परिक्षणलाई प्रभावकारी बनाईनेछ ।
- शर्पदंश उपचार केन्द्र, आयूर्वेद औषधालय तथा आँखा उपचार केन्द्रलाई नगरपालिकाको व्यवस्थापनमा निरन्तरता दिईनेछ ।
- नगरपालिका भित्रका अस्पतालहरु तथा स्वास्थ्य केन्द्रहरुलाई प्रविधी मैत्री वनाइनेछ ।
- नयाँ स्वास्थ्य संस्थाहरु समावेशी पूर्वाधारहरु वनाइनेछ भने अहिले सञ्चालनमा भएका तर समावेशी नभएकाहरुलाई पनि समावेशी वनाउदै लगिनेछ ।
- सबै नागरीकहरुका लागि सहज गुणस्तरीय स्वास्थ्य सेवा उपलब्धता गराइने ।
- प्रत्येक नागरीकले वर्षमा एकपटक अनिवार्य रुपमा नजिकमा रहेको स्वास्थ्य स्वास्थ्यमा जाँच गराउने कुरालाई सुनिश्चित गरिनेछ र सबै नागरीकको स्वास्थ्य विमा गरिनेछ ।
- स्वास्थ्य सम्बन्धी आवश्यक सामाग्रीहरु र नि-शूल्क प्रदान गरिने औषधीहरुको अभाव हुन नदिने नीतिलाई कायमै राखिनेछ ।

- पोषण युक्त वस्तुहरुको उत्पदनकोलागि प्रोत्साहित गरिनेछ ।
- खाद्य सुरक्षा सम्वन्धि नीति वनाएर लागु गरिनेछ ।
- सम्पन्नता स्तरीकरण (आर्थिक, सामाजिक, भौतिक, वातावरणीय, सामाजिक आदी सूचकहरु) गरेर सम्पन्नताको आधारमा विपन्न, दलित परिवारका सदस्यहरुलाई स्वास्थ्य उपचार र उद्यम सञ्चालनमा विशेष सहुलीयत दिइनेछ
- वालक, अपाँग, ज्येष्ठ नागरीक तथा पाालिका वासीहरुलाइ विधुतीय परिचयपत्र अनिवार्य गरिनेछ ।
- ध्यान केन्द्र योग केन्द्रहरुको स्थापना गरी आध्यात्मिक तथा मानसिक स्वास्थ्यलाई ध्यान दिईनेछ ।
- स्वास्थ्य सम्बन्धी आवश्यक सामाग्रीहरु र नि-शूल्क प्रदान गरिने औषधीहरुको अभाव हुन नदिने नीतिलाई कायमै राखिनेछ ।
- सुरक्षित गर्भपतन सेवा अफ्न व्यवस्थित गर्दै लगिनेछ । साथै महिलाहरुको बच्चादानी खस्ने समस्याको पहिचान गरी निशुल्क सल्यक्रियाको व्यवस्था गरिनेछ ।
- सुरक्षित मातृत्व तथा परिवार नियोजन कार्यक्रमलाई प्रभावकारी रुपम संचालन गरिनेछ ।
- बेलका नगरपालिकाका स्वास्थ्य सम्बन्धि प्रचार प्रसार सम्बन्धि सामाग्री उत्पादन तथा प्रकाशन, औषधि खरीद, स्वास्थ्य शिक्षा कार्यक्रम, सुनौला हजार दिन प्रवर्धन, भिटामिन ए सम्बन्धि कार्यक्रम, एकिकृत स्वास्थ्य कार्यक्रम जस्ता मानविय हितमा प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रम संचालनमा ल्याईनेछ ।
- पुर्ण खोपको दिगोपना, गाँउघर क्लिनिक संचालन, आमा सुरक्षा जस्ता कार्यक्रम संचालनमा ल्याईनेछ ।
- मानसिक स्वास्थ्य परिक्षणलाई प्रभावकारी बनाईनेछ ।
- दुर्गम तथा टाढाका वडाहरुमा थप एम्बुलेन्स खरिद गर्ने व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्न तालिम तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

### भु उपयोग तथा भुमि व्यवस्थापन

- नगरपालिकाको भु उपयोग नीति निर्माण गरी लागु गरीनेछ ।
- राष्टिय भु उपयोग तथा भूमि नीतिको अधिनमा रहेर उपलब्ध भुमिको सदुपयोग गर्दै एकिकृत वस्ती,खेल परिसर, आवास, शहरीकरण, पूर्वाधार विकास गरिनेछ ।
- वसोवासका दृष्टिकोणले पालिका भित्रका सुरक्षित र जोखिम युक्त ठाउँहरुको नक्शाँकन गरिनेछ
- जमिनको लागत विधुतिय प्रणालीमा राखेर भुमि व्यवस्थापनलाई पारदर्शी वनाइनेछ ।
- अनौपचारिक भूमिमा बसोबास गरेको त्यस्ता जमिनको भोगचलन गरेका जग्गाहरुलाई औपचारिक गर्ने नीति लिईनेछ ।
- कृषि तथा भूमि ब्यवस्था कार्यक्रम क्रमश सबै वडाहरुमा विस्तार गर्दै लगिनेछ ।
- सार्वजनिक जग्गाको अतिक्रमण रोक्नलाई आवश्यक प्रबन्ध मिलाईनेछ ।

### जलश्रोत तथा उर्जा विकास

- विद्युत विस्तार हुन बाँकी रहेका वडाहरुमा आगामी आ.व.मा विद्युत विस्तार गर्ने प्रबन्ध मिलाईनेछ ।
- जलश्रोतका मुहान तथा जालाधारहरु संरक्षण गरिनेछ ।
- जलमा आधारीत पर्यटनलाई प्रवर्धन गरिनेछ ।
- नगरपालिका र नागरीकहरुको साझेदारीमा खानेपानी उद्योग सञ्चालन गरिनेछ ।
- नविकरणीय उर्जाको प्रयोगका लागी थप कार्यक्रम सञ्चालन गरिनेछ ।

### सूचना, प्रविधी तथा सञ्चार

- नगरपालिकाका सवै लागत तथा रेकर्डहरु विधुतीय प्रणालीमा राखिनेछ ।
- निश्चित रकम भन्दा माथीका वोलपत्र आव्हान गर्दा विधुतीय आवेदन मात्रै माग गरिनेछ ।
- निश्चित रकम भन्दा माथीको आर्थिक कारोवार वैक मार्फत गरिनेछ ।
- सवै वस्तीहरुमा टेलिफोन, इन्टरनेट सेवाको उपलब्धता गराइनेछ ।
- सवै विद्यालयहरुलाई प्रविधीको प्रयोगको लागि उत्प्रेरीत गरिनेछ ।
- सबै वडाहरुमा इन्ट्रानेटको सञ्जालले जोडिनेछ ।

- सार्वजनिक स्थलहरुमा सि-सिटिभी क्यामेरा जडन र विस्तार गरिनेछ ।

**पर्यटन प्रवर्धन, उद्यम विकास, कला, साहित्य र सँस्कृति प्रबर्द्धन**

- नगरपालिकाले पहिचान गरेका पर्यटकीय बिन्दुहरुको प्रबर्द्धन गरिनेछ ।
- पर्यटकीय क्षेत्रहरुको विष्तृत गुरुयोजना तयार गरिनेछ ।
- पर्यटकीय क्षेत्रहरुको डकुमेन्ट्री सहितको प्रोफाईल निर्माण गरिनेछ ।
- नगरपालिकालाई पर्यटन केन्द्रको रुपमा विकास गर्ने पर्यटन नीति तथा आचार संहिता तर्जुमा गरी कार्यान्व्यन गरीनेछ
- नगरपालिका भित्रका भइरहेका पर्यटकीय गन्त्व्यहरुको सुदृढिकरण गर्दै नयाँ नयाँ गन्त्व्यहरु विकास गर्दै लगिनेछ ।
- नगरपालिकाको विस्तृत पर्यटन परियोजना प्रस्ताव तयार गरी प्रदेस नं १ को विशेष पर्यटकीय स्थलको रुपमा विकास गर्ने ।
- घर वस्तीको सौन्दर्यकरण गर्ने, वाटोको दाँया वाँया रुख रोपण, खोलाको किनारामा वाँस एवम् वृक्षा रोपण, व्यवस्थित सार्वजनिक शौंचालय आदिको व्यवस्थापन ।
- कला, सँस्कृति, साहित्य, भाषा, धर्म तथा साँस्कृतिक धरोहरहरुको संरक्षण, सम्वर्धन र प्रवर्धन गर्न नेतृत्वदायी भुमिका खेल्ने

**जलवायु परिवर्तन, वातावरणीय सन्तुलन तथा विपद् व्यवस्थापन**

- वनको उत्पादकत्व वृद्धि गर्न र सामुदायिक वनहरु, कवुलियती वन, नीजि तथा पारिवारीक वनहरुको दिगो व्यवस्थापन गर्ने ।
- जलाधार संरक्षण, जैविक विधिताको प्रवर्धन तथा पर्यापयटन विकासको लागि जनसहभागीतामा आधारीत संरक्षण कार्यक्रमहरु लागु गर्ने ।
- राष्टिय, सामुदायिक, पारिवारीक तथा कवुलियती वनहरुको दिगो व्यवस्थापन गरी पर्यापटन क्षेत्रको रुपमा प्रवर्धन गर्ने
- वन पैदावरहरुको उत्पादकत्व वृद्धि गरी वन पैदावरमा आत्मनिर्भर हुदै नगरपालिका र नागरीकको सहभागितामा वनमा आधारीत उद्योगहरु सञ्चालन गरिनेछ ।
- जलाधार संरक्षण कार्यक्रम सञ्चालन गर्ने
- विरुवा उत्पादन गरी सडक किनारा, नदी किनारा र सार्वजानीक स्थलहरुमा वृक्षारोपण गर्ने ।
- वेलका हरियाली आभियानलाई सम्वर्धन तथा प्रवर्धन गर्ने ।

**आन्तरीक राजश्व वृद्धि, पूँजी निर्माण तथा वित्तिय सुशासन**

- हरेक घरपरिवारहरुलाई पारिवारीक वार्षिक व्यवसायिक योजना तयार, प्रोफाइल, गरी प्रत्येक वर्ष चैत्र मसान्त भित्र वडा कार्यलयमा पेश गर्न प्रोत्साहित गरिनेछ भने व्यवसायीक योजना मुताविक उत्पादित वस्तुहरुको वजारीकरणलाई सुनिश्चित गरिनेछ ।
- वार्षिक योजना मुताविक लक्ष्य भन्दा वढी कृषि, पशु तथा औधोगिक उत्पादन तथा विक्रि गरेर आय वृद्धि गर्ने घर परिवारलाई विशेष रुपमा सम्मान गरिनेछ ।
- योजना अवधीको पहिलो वर्षमा नगरपालिका भित्र सकारात्मक प्रभाव पार्ने उद्योग, होटल व्यवसाय आदि सञ्चालन गरेर पालिका भित्रका न्यूनतम १० जनालाई नियमित रोजगारी दिने रोजगारदाताहरुलाई करमा सहुलियत दिइने छ भने ५० जना भन्दा वढी रोजगारी दिनेहरुलाई विषेश सहुलियत प्रदान गर्नेछ ।
- उत्पादनमा हाम्रो साथ वस्दीन म खाली हात, प्रत्येक व्यक्ति आय आर्जनमा संलग्न गराईने ।
- योजना अवधीको २ वर्ष भित्र प्रत्येक व्यक्ति कुनै न कुनै सहकारीको सदस्य भएको हुनु पर्नेछ र नावालकको हकमा माता, पिता वा दाजु, भाउज्यू वा दिदी संरक्षक रहन सक्ने व्यस्था गरिनेछ ।
- योजना अवधीको २ वर्ष भित्रमा प्रत्येक घरधुरीको अनिवार्य वैंक तथा सहकारीमा आवद्ध गरी उत्पादन विक्रि, रोजगारी आदीको कारोवार वैंक तथा वित्तिय संस्था मार्फत गर्नुपर्ने नियम वनाईनेछ ।

- योजना अवधीमा स्थानीय श्रोत तथा साधनमा आधारीत सबै घरधुरीको अनिवार्य सहभागीता रहने गरी मझौला र ठुला उद्योगहरुको स्थापना गरी आय आर्जन तथा रोजगारीका अवसरहरु सिर्जना गरिनेछ
- करको दायरालाई फराकिलो वनाइनेछ र कर तिर्न प्रोत्साहित गरीनेछ ।
- सार्वजानीक खर्चमा मित्यव्यायीता अपनाइनेछ ।
- पारिवारीक माया ममता प्रवर्धन गर्दै आदर्श परिवारहरु वृद्धि गरिनेछ ।

**भौतिक पूर्वाधार, यातायात व्यवस्थपन**

- नगरपालिकाले भौतिक पूर्वाधार मापदण्ड निर्माण गरी लागु गर्ने छ सवै प्रकारका सार्वजानीक भौतिक संरचनाहरु समावेशी हुनेछन ।
- नगरपालिकाले निर्माण गर्ने सवै प्रकारका भौतिक पूर्वाधार संरचनाहरु उपभोक्ता समुह वा समुदायमा आधारीत समुह वा संस्थाहरु मार्फत गरिनेछ ।
- सबै प्रकारका भौतिक पूर्वाधारहरुको योजना तर्जुमा प्रक्रिया देखी सम्पन्न भएर हस्तनान्तरण प्रक्रिया सम्म सार्वजानीक सुनुवाई, जन सम्पादन जस्ता प्रक्रियाहरु मार्फत अनुगमन तथा मुल्याँकन गरिनेछ ।
- नीजि, सार्वजानिक तथा सरकारी साझेदारी अवधारण अनुसार परियोजना निर्माण तथा सञ्चालन ।
- नगरपालिका सवै वडाहरुलाई चक्रपथ मार्फत जोडेर कृषि तथा  लिंकरोडका सञ्जालद्धार सबै वस्तीहरुलाइ जोडीनेछ र सडकलाई स्तरोन्नती गर्दै लगिनेछ ।
- यातायात सेवालाइ व्यवस्थित र भरपर्दो वनाउन नियमित अनुगमन गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

- सबैको लागी स्वच्छ खानेपानीको पहुँच अभिवृद्धि गर्न खानेपानी आयोजनाहरुको सञ्चालन र विस्तारलाई अझ प्रभावकारी बनाईनेछ ।
- खानेपानी सुरक्षा योजना संचालन गरिनेछ ।
- खानेपानी तथा सरसफाईको क्षेत्रमा लगानी गर्न इच्छुक निकायहरुलाई प्रभावकारी सहयोग र समन्वय गराईनेछ ।
- पूर्ण सरसफाई घोषण कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।
- सफा नगर समृद्धिको आधार नारा सहित फोहोरलाई मोहोरमा बदल्ने प्रयास स्वरुप फोहोरहरुको संकलन गरी प्लाष्टिक बनाउने उद्योगकको स्थापना र सञ्चालन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- नकुहिने पदार्थ भएकाले प्लाष्टिकको आयात र प्रयोग निरुत्साहित गरिँदै लगिनेछ ।

**महिला, बालबालिका, आदिवासी जनजाती, पिछडा तथा अन्य वर्ग लक्षित कार्यक्रम**

- वडागत विनियोजन बजेटमा महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, वालबालिका, विपन्न तथा एकल महिला, आदिबासी जनजाती, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको सीप बिकास, क्षमता बिकास  र आयआर्जनका कार्यक्रमहरु समाबेश गरी कार्यान्वियनमा ल्याईनेछ ।
- थामी, थारु, भुजेल, माझी, दलित, पिछडा, लगायत अल्पसंख्यक समुदायको उत्थान र विकासका लागी आवश्यक कार्यक्रमहरु तयार गरिएको छ ।
- लक्षित बर्गलाई विभिन्न सरकारी तथा गैर(सरकारी संस्थाहरुसंग समन्वय गरी तालिम प्रदान गरी शसक्तिकरण गरीनेछ ।

  महिला, आदिबासी जनजातिका लागी दिवस र समारोहहरु आयोजना गरी प्रवर्धानात्मक गतिविधि मार्फत शसक्तिकरण गरिनेछ ।
- बृद्धबृद्धालाई सम्मान गर्दै स्वास्थ्य बचाउ अभियानका साथै न्यानो कपडा बितरण गरिनेछ ।
- महिलाको स्वास्थ्य सुधारको लागी महिला स्वास्थय शिविर, वृद्धवृद्धाका लागी आँखा, कान स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- सुरक्षित महिला बासको प्रबन्ध मिलाईनेछ साथै प्रजनन स्वास्थ्य सुधार र सुरक्षित गर्भ पतन सेवा प्रदान गरिनेछ ।

- विपन्न वर्गहरुलाई विपद जोखिमपुर्ण अवस्थामा सहायता प्रदान गरिनेछ । यस प्रयोजनका लागी आकस्मिक सहायत कोष स्थापना गरिनेछ ।
- लैङ्गिक हिंसालाई रोक्न र महिला शसक्तिकरणको लागी बिशेष पहल गर्ने नीति लिएको छु । र यस नगरपालिकालाई लैङ्गिक हिँसामूक्त नगर घोषणाका लागि आवश्यक गतिविधी सञ्चालन गर्ने नीति लिईएको छ ।
- परम्परागत रुपमा आईरहेको संस्कृतिलाई सम्वर्धन गर्न साँस्कृतिक भवन निर्माणको थालनी गरिनेछ ।
- वाल मैत्री, अपाङ्ग मैत्री कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका किशोर किशोरीहरुलाई मध्येनजर गरि प्रजनन स्वास्थ्य सम्वन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीति लिईने छ ।

**युवा, खेलकूद तथा मनोरञ्जन कार्यक्रम**

- युवा वर्गको उत्थान र विकासमा जोड दिने नीति लिईनेछ ।
- कुलतमा लागेका यूवाहरुको लागी लागु पदार्थ दुर्व्यसनी विरुद्ध सचेतना जस्ता अभियानहरु संचालन गरिनेछ
- युवा नेतृत्व विकास अन्तर्गत दिगो बिकासका लक्ष्य (SDG) तालिमको ब्यवस्था गरिनेछ ।
- वडा तथा नगर स्तरीय युवा संजालको गठन गरी परीचालन गरिनेछ ।
- प्रत्येक वडामा १ खेलमैदान निर्माण गर्ने नीति लिईनेछ ।
- खेलाडीहरुको पहिचान गरी परिचय-पत्र वितरण गर्ने र सघन प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्ग तथा गृहणी एकल महिला खेलकूद प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।
- लागू औषध नियन्त्रणका लागि अभियानमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बेलका रन कार्यक्रमलाई क्रमश विस्तार गर्दै लगिनेछ ।

**सेवा प्रवाह, प्रशासन तथा ब्यवस्थापन**

- जनप्रतिनिधीहरुको सेवा सुविधा सम्बन्धमा प्रदेश नं. १ को प्रदेश सरकारले तोके बमोजिम हुनेगरी बृद्धि गर्दै लगिनेछ ।
- कर्मचारीहरुको सेवा, सुविधाका सम्बन्धमा समय सापेक्ष हुनेगरी बृद्धि गर्दै लगिनेछ ।
- नगरको विकास निर्माण, गतिविधि तथा कार्यवोझका आधारमा कर्मचारी संरचना विकास र दरवन्दी श्रृजना तथा व्यवस्थापन गर्ने कार्य अगाडी वढाउने छ ।
- वडा कार्यालयबाट प्रभावकारी सेवा प्रवाह गर्नका लागी कर्मचारी दरबन्दि अनुसार कर्मचारी माग गरिनेछ ।
- कर्मचारी वृति बिकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।
- कर्मचारी वृति बिकास प्रणाली व्यवस्थित गरिनेछ ।
- कर्मचारी कल्याण कोष व्यवस्थापन र कर्मचारी बीमाको ब्यवस्था गरिनेछ ।
- कर्मचारी पदाधिकारी सुशासन आचार संहिता निर्देशिका तयार गरि लागु गरिनेछ ।

**उपस्थित आदरणीय नगरसभा सदस्यहरु**

आगामी आ.व. ०७६/७७ को नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट समग्र बेलकाबासीहरुको आर्थिक र सामाजिक विकासमा प्रत्यक्ष योगदान पुग्नेछ भन्ने मैले विश्वास लिएको छु । प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तयार गर्न विभिन्न कोणबाट सहयोग गर्ने संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, अन्तर स्थानीय तहहरु, बेलका नगरकार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, नगरस्तरीय राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, प्रमुख जिल्ला अधिकारीज्यू, नगरस्तरीय सुरक्षा निकायका प्रमुखज्यूहरु, विषयगत कार्यालयका प्रमुखज्यूहरु, गैर सरकारी संघ/संस्थाका प्रमुखज्यूहरु, नागरिक समाज, सञ्चारकर्मी, बेलका नगरपालिकाका कर्मचारी साथीहरु लगायत सम्पूर्ण नगरवासीहरुलाई विशेष धन्यवाद दिँदै यसको सफल कार्यान्यनमा समेत यहाँहरुको उल्लेखनीय सहयोगको अपेक्षा राख्दै प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

<u>माननीय नगरसभा सदस्यज्यूहरु,</u>

**बेलका नगरपालिकाको आ.व.२०७६/०७७ को लागि चौथो नगरसभा सञ्चालनको यस गरिमामय सभा समक्ष  बेलका नगरपालिकाले लिएको ५ वर्षे रणनैतिक योजनाको दुरदृष्टिको रुपमा रहेको "सन्तुलित विकास, सम्मानित जिवन, समावेशी पूर्वाधार प्रविधि तथा वातावरणीय सन्तुलन सहित समाजवाद उन्मुख बेलका नगर" भन्ने नारालाई मूल मन्त्र बनाउँदै प्रथम वर्षको रुपमा आगामी आ.व.मा सञ्चालन गरिने गतिविधीहरुको लागि विनियोजन भएको जम्मा बजेटको शारांश प्रस्तुत गर्दछु ।**

यस बेलका नगरपालिकाको चालू आ.व.२०७५/७६ को संशोधित आय/व्यय अनुमान तथा आगामी आ.व.२०७६/०७७ को प्रस्तावित आय/व्यय अनुमान सम्बन्धी तथ्याङ्कीय विवरण प्रस्तुत गर्दछु ।

अहिले हामी चालू आ.व.२०७५/७६ को तेश्रो चौमासिकको अन्तमा छौं । केन्द्रबाट यस नगरपालिकालाई चालु आ.व.मा वित्तीय समानीकरण अनुदान रु.१३ करोड ९ लाख सशर्त अनुदान रु.१८ करोड ९ लाख, समपुरक अनुदान रु.१ करोड, राजश्व बाँडफाँडबाट प्राप्त अनुदान रु. १० करोड १९ लाख ७६ हजार र स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम तर्फ रु.९८ लाख गरी <u>**जम्मा ४३ करोड ३५ लाख ७६ हजार रुपैंया मात्र**</u> प्राप्त भएको छ । भने आगामी आ.व.०७६/०७७ मा केन्द्रबाट प्राप्त वित्तीय समानीकरण अनुदान तर्फ १३ करोड ३९ लाख, सशर्त अनुदान तर्फ १८ करोड ८६ लाख, राजश्व बाँडफाँड तर्फ १२ करोड १ लाख, समपुरक अनुदान तर्फ रु.१ करोड, विशेष अनुदान तर्फ रु.९० लाख र स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम तर्फ रु.१ करोड ५० लाख गरी <u>**जम्मा रु. ४७ करोड ६६ लाख रुपैंया मात्र**</u> हुने र प्राप्त हुने सम्पूर्ण रकम खर्च हुने समेत अनुमान गरिएको छ ।

त्यसैगरी चालु आ.व.मा प्रदेश सरकारबाट यस न.पा.मा प्राप्त भएको वित्तीय समानीकरण अनुदान तर्फ रु.३७ लाख ६३ हजार, सवारी साधन करबाट रु.५० लाख, शसर्त अनुदान तर्फ रु.१ करोड ३५ लाख र प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम तर्फ रु.१ करोड गरी <u>**जम्मा रु.३ करोड २२ लाख ६३ हजार रुपैंया मात्र**</u> प्राप्त भएको छ । भने आगामी आ.व.२०७६/०७७ मा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान ७४ लाख १७ हजार, सवारी साधन करबाट प्राप्त ७६ लाख ५० हजार र निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट रु.१ करोड २० लाख गरी <u>**जम्मा रु.२ करोड ६९ लाख ६७ हजार रुपैंया मात्र**</u> प्राप्त हुने छ र सम्पूर्ण रकम खर्च हुने अनुमान गरिएको छ ।

त्यसैगरी चालु आ.व.मा आन्तरिक आय तर्फ <u>**रु.१ करोड ६३ लाख ८० हजार**</u> र आन्तरिक राजश्व बाँडफाँडबाट प्राप्त आय तर्फ <u>**रु.४७ लाख**</u> गरी <u>**जम्मा रु.२ करोड १० लाख ८० हजार**</u> प्राप्त भएको छ । भने आगामी आ.व.मा आन्तरिक आय तर्फ <u>**रु.२ करोड ८८ लाख ६० हजार**</u> र आन्तरिक राजश्व बाडफाँडबाट प्राप्त हुने आय तर्फ <u>**रु.१ करोड १२ लाख ५० हजार**</u> गरी <u>**जम्मा रु.४ करोड १ लाख १० हजार**</u> मात्र प्राप्त हुने अनुमान गरिएको छ । साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार गै.स.स.हरुको बजेट समेत गरी आगामी आ.व.मा कूल जम्मा रु.५७ करोड ६० लाख ९८ हजार रुपैंया विनियोजन गरिएको छ । भने उक्त विनियोजित सबै बजेटहरु सोही आ.व.मा खर्च हुने अनुमान गरिएको ।

अन्त्यमा यस बेलका नगरपालिकाको चौथो नगरसभामा पेश भएका सम्पूर्ण बजेटहरुको स्वीकृत भई यसको प्रभावकारी कार्यान्वयनमा सबै बेलकाबासी लगायत अन्य सम्पूर्णको सहयोगको लागि हार्दिक अनुरोध गर्दै आफ्नो छोटो बजेट मन्तब्य यहि अन्त्य गर्दछु ।

धन्यवाद ।